Madan Bhandari
Foundation
मदन भण्डारी फाउन्डेसन
www.mbf.org.np
केन्द्रीय कार्यालयः काठमाडौं-८, गौशाला, फोनः +९७७-१-४११३६१५
Central Office: Kathmandu-8, Gaushala, Tel: +977-1-4113615, E-mail: mbfnepal@gmail.com

मितीः २०७९/०२/१३

# प्रेस विज्ञप्ती ।

मदन भण्डारी फाउण्डेशनले वि.सं. २०६८ सालदेखि हरेक वर्ष मदन जयन्ती (असार १४ गते) को अवसरमा मदन भण्डारी राष्ट्रिय पुरस्कार प्रदान गर्दै आएको छ। यस पुरस्कारको मूल उद्देश्य समृद्ध नेपाको राष्ट्रिय आकाँक्षा प्राप्तीमा सहयोग हुने गरी आर्थिक समुन्नती तथा अवसरको समन्यायीक वितरणका क्षेत्रमा अध्ययन, अनुसन्धान, उद्यमशिलता, आविष्कार, नवप्रवर्तन र राष्ट्रिय पूंजी निर्माणका लागि योगदान पुऱ्याउने व्यक्ति/संस्थाको पहिचान गरि पुरस्कृत गर्नु रहेको छ । यस वर्ष राष्ट्रिय अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने कृषि क्षेत्रमा नविन प्रयोग गरेको व्यक्ति/संस्थालाई प्रदान गर्ने निर्णय गरिएको छ ।

यसैगरी मदन भण्डारी फाउण्डेशनले यस वर्ष देखि मदन भण्डारी रुपान्तरण नेतृत्व राष्ट्रिय पुरस्कारको शुरुवात गरेको छ । सुखी नेपालीको राष्ट्रिय आकांक्षाको प्राप्तीमा सहयोग हुने गरी लोकतान्त्रिक सामाजिक न्यायको क्षेत्र विशेषतः हिंसा तथा विभेदरहित समाज निर्माण, पर्यावरण र सांस्कृतिक तथा सामाजिक सम्पदाको संरक्षण, मानव अधिकार, सार्वजनिक शैक्षिक सुधार, स्वास्थ्य सेवाको पहुँच, न्यायमा पहुँच, मर्यादित जिवनको लागि निरन्तर कार्यरत व्यक्ति वा संस्थालाई पुरस्कृत गर्नु यस पुरस्कारको मूल उद्देश्य रहेको छ। यस वर्ष समाज परिर्वतन र विकासमा महत्वपूर्ण भूमिका खेल्नु भएका व्यक्ति/संस्थालाई प्रदान गर्ने निर्णय गरिएको छ।

**मदन भण्डारी राष्ट्रिय पुरस्कार र मदन भण्डारी रुपान्तरण नेतृत्व राष्ट्रिय पुरस्कार**को लागि आवेदन आह्वान गरिएको छ । आह्वान गरिएको पुरस्कारको सुचना र पुरस्कार सिफारिस मापदण्ड यसैका साथ संलग्न गरिएको छ ।

पेम्बा लामा
सचिव